ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०१-२०८२।०८३ बैठक मिति: २०८२।०५।०५

आज मिति २०८२/०५/०५ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

तपसिल

| नाम थर | पद |
| --- | --- |
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद सिह कुँवर | सदस्य |
| ............ अशोक सिह बोहरा | सदस्य |
| ............ धिरन सिह बुढाथोकी | सदस्य |
| ............ उपेन्द्र सिह धामी | सदस्य |
| ............ झुन सिह विष्ट | सदस्य |
| ............ बिर सिह धामी | सदस्य |
| ............ राजेन्द्र सिह कुँवर | सदस्य |
| ............ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ............ आस्मती विसि | सदस्य |
| ............ कलम राम भूल | सदस्य |
| ............ कलावती डडाल | सदस्य |
| ............ धाना देबी बम | सदस्य |
| ............ पुर्णिमा ऐतवाल | सदस्य |
| ............ चन्द्र सिह कुँवर | सचिव |

अन्य उपस्थिति

| | |
| --- | --- |
| ............ विरा दत्त भट्ट | स.क.अ |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०१-२०८२।०८३ बैठक मिति: २०८२।०५।०५

प्रस्तावहरु:

१. राहत वितरण सम्बन्धमा।
२. स्वीकृत दरवन्दीमा करारमा पदपूर्तीका लागि अनुमति सम्बन्धमा।
३. करारमा पदपूर्ती सम्बन्धमा।
४. औषधि उपचार खर्च सम्बन्धमा।
५. विपद् प्रभावित मर्मत/निर्माण सम्बन्धमा।
६. राहत रकम वितरण सम्बन्धमा।
७. वडा सचिवको जिम्मेवारी सम्बन्धमा।
८. विविध।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ का स्थानीय नारायण सिह बुढाथोकी सोहि वडा स्थित दुम्लिङमा महाकाली नदीमाथी रहेको तुइनबाट तरि भारत जाने क्रममा तुइन चुडिएर महाकाली नदीमा बेपत्ता भई हाल सम्म उहाँको अवस्था बारे थाहा हुन नसकेको र परिवारले काजकिरिया समेत गरिसकेको अवस्थामा निज शोकाकुल परिवारजन प्रति समवेदना व्यक्त गर्दै निजको परिवारलाई राहत स्वरुव रु ५०,००० (पचास हजार मात्र) रकम आकस्मिक कोष शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका तथा अन्तरगतका कार्यालयहरुमा स्वीकृत दरवन्दीमा पदपूर्ति हुन नसक्दा सेवा प्रवाहमा समस्या भइरहेकाले सुदूरपश्चिम प्रदेशको "स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२" को दफा १५ को उपदफा (३) बमोजिम तपसिल बमोजिमका पदमा करारमा कर्मचारी नियुक्ति गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशसंग माग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | पद | सेवा/समुह/उपसमुह | स्वीकृत रिक्त दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | हे.अ | स्थानीय स्वास्थ्य/हे.ई | २ | |
| २ | अहेव | स्थानीय स्वास्थ्य/हे.ई | ८ | |
| ३ | अनमी | स्थानीय स्वास्थ्य/प.हे.न | ४ | |
| ४ | अमिन | इन्जिनियरिङ्ग/सर्भे | १ | |

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकालाई चालु आर्थिक वर्षमा तलसिल बमोजिम करारमा पदपूर्तिका लागि वित्तिय हस्तान्तरण प्राप्त भएकाले नियमानुसार कर्मचारी भर्ना प्रकृया अघि बढाउने निर्णय गरियो।

तपसिल

| क्र.सं | पद | तह | सेवा/समुह | कैफियत |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौ | नेपाल स्वास्थ्य/हे.ई | |
| २ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ तह | - | |

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा ब्याँस गाउँपालिका अन्तरगतका नागरिकहरुले औषधि उपचार खर्चका लागि निवेदन पेश गरेको हुँदा "विपन्न नागरिक औषधी उपचार सहुलियत सम्बन्धी कार्यविधी (संसोधन सहित), २०७९ बमोजिम तपसिल बमोजिमका नागरिकहरुलाई उपचार कोष शिर्षकबाट खर्च हुनेगरि तपसिल बमोजिम उपचार सहायता रकम प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | रोगको किसिम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | हरि सिह धामी | ब्याँस ५ | क्यान्सर | ५०,००० | |
| २ | प्रेम सिह डडाल | ब्याँस ३ | Dilated hepatic veins and IVC | २५,००० | |
| ३ | जोन टमटा | ब्याँस ६ | Patellar fracture | १०,००० | |
| ४ | लालमती धामी | ब्याँस ६ | Chronic cholecystitis | १०,००० | |
| ५ | गोविन्दि देवी धामी | ब्याँस ५ | Hydatid cyst of liver | २०,००० | |
| ७ | निहित बुढाथोकी | ब्याँस २ | Right PUJ calculus with mild hydronephrosis | १५,००० | |
| ८ | ऐता देवी धामी | ब्याँस ५ | DCM | २५,००० | |

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा मनसुनजन्य विपद्का कारण क्षती भएका/जोखिममा रहेका तपसिल बमोजिमका स्थानहरुमा विपद् व्यवस्थापन कोषबाट खर्चहुने गरि तपसिल बमोजिमको कार्य गर्न रकम विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | कामको विवरण | स्थान | रकम | कै |
|---|---|---|---|---|
| १ | लटवाब आवि जयपुर पहिरो सफाई तथा टेवा पर्खाल निर्माण | ब्याँस ६ | ९० हजार | |
| २ | खातीगाउँ हुदै बसेडी जोड्ने सडक पर्ने कल्यान सिह खातीको घर मुनि टेवा पर्खाल निर्माण | ब्याँस ६ | १ लाख ५० हजार | |
| ३ | दुम्लिङ्ग जलविद्युत नहर मर्मत | ब्याँस २ | ५० हजार | |
| ४ | नमज्युङ मन्दिर टेवा पर्खाल निर्माण (साझेदारी) | ब्याँस २ | ५० हजार | |

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगतका नागरिकहरुले विपद् प्रभावित भई प्रहरी मुचुल्का सहित राहतका लागि निवेदन पेश गरेकाले प्राकृति विपद् पिडितहरुका लागि आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ बमोजिम विपद् व्यवस्थापन कोषबाट तपसिल बमोजिमको राहत रकम भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रमेश सिह कुँवर | ब्याँस ६ | २०,००० | |
| २ | नारन्ती धामी | ब्याँस ४ | १५,००० | |

निर्णय नं ७. प्रस्ताव नं ७ माथी छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं ३ मा वडा सचिव पदको कामकाज गर्न खटाइएका कर्मचारी सि.अ.हे.व. जमन सिह बडाललाई स्वास्थ्य चौकी सुन्सेरामा काज फिर्ता गरि अर्को व्यवस्था नभए सम्मका लागि सोही वडामा ना.प्रा.स पदमा कार्यरत कर्मचारी प्रदिप राम कामीलाई वडा सचिवको कामकाज गर्ने गरि थप जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं ८. प्रस्ताव नं ८ (क) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं १ मा पर्ने तिंकर खोलामा आएको बाढीपहिरोका कारण छाडरु देखि तिंकर जोड्ने पैदल मार्ग अवरुद्ध भएको हुँदा बाटो/काठेपुलहरु बगेको हुँदा यथाशिघ्र सो बाटो सञ्चालन हुने गरि ३ लाख रकमको सीमाभित्र रही कार्य अघि बढाउने तथा प्राविधिक नाप जाँच अनुसारको रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ९. प्रस्ताव नं ८ (ख) माथी छलफल गर्दा ब्याँस गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८१।०८२ मा खरिद गरिएका तपसिल बमोजिमका जिन्सी सामग्रीलाई तपसिल बमोजिमका फर्म/व्यक्तिहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | जिन्सी सामग्रीको विवरण | हस्तान्तरण गर्नुपर्ने फर्मको नाम | व्यक्तिको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | चक्की | | केसर सिह धामी | |
| २ | | | राजेन्द्र सिह विष्ट | |
| ३ | इन्टरलग मेसिन | विद्या सिलाई सेन्टर एण्ड प्रशिक्षण केन्द्र ब्याँस ४ | करिस्मा भट्ट | |
| ५ | | जानकी सिलाई बुनाई केन्द्र ब्याँस ४ | जानकी विष्ट | |
| ६ | | डिस्को सिलाई सेन्टर | शान्ती महता कुँवर | |

निर्णय नं १०. प्रस्ताव नं ८ (ग) माथी छलफल गर्दा यस गाउँपालिकाको खेलकुद विकास तथा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि ब्याँस गाउँपालिका वडा नं ३ सिनामा रहेको तातोपानी धार्मीक तथा पर्यटन संरक्षण समितिलाई ब्याँस गाउँपालिका अध्यक्ष कप सञ्चालनका लागि जिम्मेवारी दिई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शिर्षकबाट रु तीन लाख रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ११. प्रस्ताव नं ८ (घ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालन हुने योजनाहरुको तपसिल बमोजिमको कार्यतालिका भित्र रही कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल

| क्र.सं | क्रियाकलापको नाम | अवधि | कैफियत |
|---|---|---|---|
| १ | योजनाहरुको फिल्ड अनुगमन तथा लागत अनुमान तयार | असोज १५ भित्र | |
| २ | उपभोक्ता समिति गठन | असोज मसान्त भित्र | |
| ३ | योजनाहरुको सम्झौता | कार्तिक १५ गते भित्र | |

निर्णय नं १२. प्रस्ताव नं ८ (ङ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका र स्मार्ट हेल्थ ग्लोबल बाजुरासंग गत आर्थिक वर्षमा भएको सम्झौता बमोजिम यस गाउँपालिका अन्तरगत सञ्चालन गरिएको स्मार्ट हेल्थ कार्यक्रम प्रभावकारी रहेको तथा चालु आर्थिक वर्षमा समेत स्रोत सुनिश्चित भएको हुँदा उक्त सम्झौताको अवधि २०८३ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०१-२०८२।०८३ बैठक मिति: २०८२।०५।०५

निर्णय नं १३. प्रस्ताव नं ८ (च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको भूमि वर्गिकरण गर्नुपर्ने र सो कार्यका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन गरिएको हुँदा उक्त कार्यका लागि खरिद प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं १४. प्रस्ताव नं ८ (छ) माथी छलफल गर्दा डोकट लिफ्लिङ खानेपानी आयोजना र तिमुरपाटा हुती धौलाकोट मडगाउँ माल सडकको विस्तृत लागत अनुमान तयार ठेक्का प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं १५. प्रस्ताव नं ८ (ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ स्थायी ठेगाना भएका बेलमती कामीले आफ्नो श्रीमानको मृत्यु भएको र घरको आर्थिक अवस्था कमजोर रहेकाले आर्थिक सहयोग गरिदिन भनि निवेदन पेश गरेको हुँदा औषधि उपचार खर्च शिर्षकबाट रु दश हजार मात्र राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १६. प्रस्ताव नं ८ (झ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ५ मा वर्षादका कारण अवरुद्ध भइरहेको दार्चुला तिंकर सडक खुलाउन आवश्यकताका आधारमा वडा कार्यालयले श्रमिक खटाउने तथा वडा कार्यालयबाटै डोर हाजिरी प्रमाणितका आधारमा विपद् व्यवस्थापन कोष शिर्षकबाट श्रमिकहरुलाई ज्याला भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १७. प्रस्ताव नं ८ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको मिति २०८२।०३।१२ र २०८२।०३।२२ गतेको विपद् व्यवस्थापन समिति बैठकले गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।